# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६ ) काठमाडौं, मंसीर २४ गते २०५३ साल ( संख्या ३४

## भाग ३

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

सूचना १

श्री ५ को सरकारले मुद्रा ऐन, २०४० को दफा ४ ले दिएको अधिकार प्रयोग गरी देहायबमोजिमको डिजाइन, नाप र तौल भएका सिक्काहरू टकमरी गरी निष्काशन गर्न नेपाल राष्ट्र बैंकलाई स्वीकृति दिएकोले यो सूचना प्रकाशन गरिएको छ।

अग्र भाग – वरिपरि ६४ थोप्लाभित्र श्री श्री चन्द्र, सूर्य, शंख, चक्र, गदा, पद्म र तल्लो भागमा २०५३ रही स्वस्तीक चिन्हभित्र श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव र बीचमा त्रिशूल चिन्ह रहनेछ ।

पृष्ठ भाग – वरिपरि ६४ थोप्लाभित्र माथि अर्ध गोलाकार रूपमा नेपालीमा श्री पशुपतिनाथ, बीचमा श्री पशुपतिनाथको मन्दिर, मन्दिरको बायाँतर्फ नेपालीमा नेपाल र दायाँतर्फ नेपालीमा रूपैयाँ उल्लेख भई सबभन्दा तल नेपालीमा ५ उल्लेख रहनेछ ।

दर :– रू ५।–

तौल:– ८ ग्राम

व्यास:– २५ मि.मि.

धर्सो :– भएको

623



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रंग :– सुनौलो

धातुः– तामा ८९%
आल्मुनियम ५%
जिंक ५%
अन्य १%

## सूचना २

श्री ५ को सरकारले मुद्रा ऐन, २०४० को दफा ४ ले दिएको अधिकार प्रयोग गरी देहायबमोजिमको डिजाइन, नाप र तौल भएका सिक्काहरू टकमरी गरी निष्काशन गर्न नेपाल राष्ट्र बैंकलाई स्वीकृति दिएकोले यो सूचना प्रकाशन गरिएको छ ।

अग्र भाग– वरिपरि ६४ थोप्लाभित्र श्री श्री चन्द्र, सूर्य, शंख, चक्र, गदा, पद्म र तल्लो भागमा २०५३ रही स्वस्तीक चिन्हभित्र श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव र बीचमा त्रिशूल चिन्ह रहनेछ ।

पृष्ठ भाग– वरिपरि ६४ थोप्लाभित्र माथि अर्ध गोलाकार रूपमा नेपालीमा जानकी मन्दिर, बीचमा जानकी मन्दिर, जानकी मन्दिरको बायाँतर्फ नेपालीमा नेपाल र दायाँतर्फ नेपालीमा रूपैयाँ उल्लेख भई सबभन्दा तल नेपालीमा २ उल्लेख रहनेछ ।

दरः– रू. २।–

तौलः– ५ ग्राम

व्यासः– २५ मि.मि.

धर्सोः– नभएको

रङ्गः– सुनौलो

धातुः– तामा ८९%
आल्मुनियम ५%
जिंक ५%
अन्य १%

## सूचना ३

श्री ५ को सरकारले मुद्रा ऐन, २०४० को दफा ४ ले दिएको अधिकार प्रयोग गरी देहायबमोजिमको डिजाइन, नाप र तौल भएका सिक्काहरू टकमरी गरी निष्काशन गर्न नेपाल राष्ट्र बैङ्कलाई स्वीकृति दिएकोले यो सूचना प्रकाशन गरिएको छ ।

628



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ११

अर्थ मन्त्रालयका सचिव श्री रामविनोद भट्टराई मलेशियाको आर्थिक योजना तथा विकाससम्बन्धी अध्ययन भ्रमणमा जाने प्रतिनिधिमण्डलको सदस्यको रूपमा मलेशियातर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री भूपालमान शाक्यलाई मिति २०५३।७।१४ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना१२

सूचना तथा संचार मन्त्रालयका सचिव श्री भोजराज पोखरेल ग्लोवल मोवा-ईल पर्सनल कम्यूनिकेशन वाई स्याटलाईट विषयक वर्ल्ड टेलिकम्यूनिकेशन फोरममा भाग लिन जेनेभा तर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री ढुण्ढीराज खनाललाई मिति २०५३।७।२ गते देखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना १३

वाणिज्य मन्त्रालयका सचिव श्री मोहनदेव पन्त नयाँ दिल्लीमा हुने SAARC Committee on Economic Co-operation को बैठकमा भागलिन नयाँ दिल्ली-तर्फ जानुभएको हुँदा उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री राजाभाई शाक्यलाई मिति २०५३।७।११ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।

625



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना १४

परराष्ट्र मन्त्रालयका सचिव श्री केदारभक्त श्रेष्ठ सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाद्वारा बेलायतका प्रधानमन्त्री महामहिम श्री जोनमेजरको निमन्त्रणामा गर्नु भएको संयुक्त अधिराज्यको औपचारिक भ्रमण तथा सो पश्चात रोममा सम्पन्न विश्व खाद्य शिखर सम्मेलनमा भाग लिनु भएको भ्रमण दलको साथ त्यसतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री कुमारप्रसाद ज्ञवालीलाई मिति २०५३।७।२८ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना १५

जलस्रोत मन्त्रालयका सचिव श्री द्वारिकानाथ ढुंगेल नेपाल–भारत जलस्रोत विकासका विविध पक्षमा छलफल गर्न माननीय जलस्रोत मन्त्रीले नेतृत्व गर्नु भएको प्रतिनिधिमण्डलसाथ नयाँ दिल्ली तर्फ जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री देवराज रेग्मीलाई मिति २०५३।८।३ गते देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,

बलरामसिंह मल्ल

श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## कृषि मन्त्रालयको सूचना

कपास विकास समिति (गठन) आदेश, २०३७ को दफा ३ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले मिति २०५३।६।८ को निर्णय अनुसार कपास विकास समितिमा नेपाल कृषि अनुसन्धान परिषद्को बाली तथा बागवानीतर्फको निर्देशकलाई सदस्यमा थप गरेको छ ।

आज्ञाले,

दानबहादुर शाही

श्री ५ को सरकारको सचिव

६२६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अग्रभाग– वरिपरि ६४ थोप्लाभित्र श्री श्री चन्द्र, सूर्य, शंख, चक्र, गदा, पद्म र तल्लो भागमा २०५३ रही स्वस्तीक चिन्हभित्र श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव र बीचमा त्रिशूल चिन्ह रहनेछ।

पृष्ठ भाग– वरिपरि ६४ थोप्लाभित्र माथि अर्धगोलाकार रूपमा जयवागेश्वरी, बीचमा जय वागेश्वरीको मन्दिर, जयवागेश्वरी मन्दिरको बायाँतर्फ नेपालीमा नेपाल र दायाँतर्फ नेपालीमा रूपैयाँ उल्लेख भई सबभन्दा तल नेपालीमा १ उल्लेख रहनेछ।

दर:– रू. १।–

तौल:– ४ ग्राम

व्यास:– २० मि.मि.

धर्सो:– नभएको

रङ्ग:– सुनौलो

धातु:– तामा ८९%

आल्मुनियम ५%

जिंक ५%

अन्य १%

आज्ञाले,

प्रमोदकुमार कार्की

सह-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।